☎ ०४४-५५०६७५

# बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी

२ नं. प्रदेश, नेपाल

स्थापना २०७३

मितिः२०७४/१२/२६

पत्र संख्याः-२०७४/०७५

च. न.:-

सूचना !!!

सूचना !!

सूचना !

उपरोक्त सम्बन्धमा यस कार्यालयको कार्यालय संचालन प्रयोजनार्थ तपशिल अनुसारको स्थानमा तपशिल अनुसारको घर भाडामा लिनु पर्ने भएकोले इच्छुक घरधनी, फर्म, संस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी निवेदन पेश गर्नु हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कार्यालयलाई आवश्यक पर्ने घर पूर्व पश्चिम राजमार्गको वरिपरी ५० मी. भित्र नजिकमा बाटोको सुविधा भएका कम्तिमा १५ देखि २० कोठा र ३५०० देखि ४००० बर्ग फिटमा पहिलो तल्ला र सोही अनुसार दोस्रो तल्ला निर्माण भएको हुनुपर्नेछ । उक्त घरको कोठाहरुको साईज न्युनतम (१०फिट*१०फिट) को हुनुपर्ने छ ।

२. प्रशस्त मात्रामा पानी, बिजुली, शौचालय भएको हुनुपर्नेछ ।

३. उक्त घरको नक्सा पास वा अभिलेखीकरण नगरपालिकाबाट गरेको हुनुपर्नेछ ।

४. प्रशस्त मात्रामा पार्किङ्गको सुविधा भाएको हुनुपर्नेछ ।

५. घर भाडादिन ईच्छुक घरधनी, फर्म, संस्थाहरुले आफुले दिन चाहेको दररेट कर सहितको अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाणपूर्जा, मालपोत तिरेको रसिद, नक्सा पास वा अभिलेखीकरणको प्रमाणपत्र, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्थाको हकमा फर्म दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर दर्ता लगायतका प्रमाणपत्रका फोटोकपीहरु स्वयंमले प्रमाणित गरी मिति २०७५/०१/११ गते सम्म कार्यालय समय भित्र रु. १०|०० को टिकट टाँसी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट पेश गर्न सकिनेछ ।

६. घरभाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ । र सो रकममा नियमानुसार लागने करकट्टी गरी भुक्तानी दिइनेछ ।र नियमानुसारको, बिजुलीको महशुल कार्यालयले भुक्तानी गर्नेछ ।

७. घर भाडा लिने वा नलिने सम्बन्धमा निर्णय गर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

८. रित नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरधनी, फर्म, संस्थाहरुबाट आएको निवेदन उपर कुनै कार्वाही हुने छैन ।

९. अन्य कुराहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ अनुसार वा प्रचलित नियमानुसार हुनेछ ।

१०.विस्तृत विवरण वा जानकारी लिन परेमा यस कार्यालयको टेलिफोन नं. ०४४-५५०६७५ मा सम्पर्क गरी वा कार्यालय समयमा आफै उपस्थित भई लिन वा बुझन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत